नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ४५ २०८३ साल भदौ २४ गते बुधवार (9 Sep 2026 Wednesday) मूल्य रु. ५/-

## बाल अधिकारको संरक्षण

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु।

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : रसुवा बाढीबाट सिक्नुपर्ने ... ३ पृष्ठमा : युवा पुस्ताको बढ्दै ... ३ पृष्ठमा : ह्यारी-मेघनको शाही ...



सप्तकोशी जेनजी युवा समुहको अगुवाईमा मंगलबार मुलुककै सबैभन्दा पुरानो एवं ऐतिहासिक चन्द्र नहरको सरसफाई गरिएको छ। सप्तरीको सप्तकोसी नगरपालिका वडा न १ फत्तेपुरमा जिर्णोदारको पर्खाइमा रहेको चन्द्र शमशेर राणाको पालामा निर्मित ऐतिहासिक भवनलाई सरसफाइ गरिएको हो। **तस्बिर : खगेन्द्र कार्कीको फेसबुक वालबाट**

# सामाजिक सञ्जालमार्फत अफवाह फैलाउनेविरूद्ध प्रहरीले थाल्यो कारवाही

**दैनिक समाचारदाता**
**काठमाडौँ, २३ भदौ।**

सामाजिक सहिष्णुतामा आघात पुऱ्याउने भिडियो सामग्री प्रसारण गरेकालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा काठमाडौँ चन्द्रागिरि नगरपालिका १२ बलम्बु बस्ने २४ वर्षीय वीरेन्द्र मडै छन्।

उनले भोटेकोशी बाढीबाट भएको जनधनको क्षति सम्बन्धमा विभिन्न जातजातिलाई लक्षित गरी होच्याउने, अपमानित गर्ने तथा विपत्तिमा खुसी व्यक्त गर्ने भिडियो सामग्री बनाई फेसबुक रिलमा 'अपलोड' गरेका थिए।

पछिल्लो समय सामाजिक सञ्जालमार्फत गलत सूचना, अफवाह, भ्रामक समाचारलगायत सामग्री प्रसारण गर्नेविरुद्ध प्रहरीले आक्रमक रुपमा कारबाही थालेको छ।

केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्ले संवेदनशील घडीमा पीडामा रहेका नागरिकले व्यक्त गरेका विचारमाथि अनावश्यक टिप्पणी गरी होच्याइ थप पीडा दिनेको निगरानी गरी त्यस्ता कार्यमा संलग्नलाई कानुनी दायरामा ल्याउन प्रहरी निर्मम रूपमा प्रस्तुत भइरहेको बताउछन्।

"बाढीका कारण भएको मानवीय क्षति तथा भौतिक क्षतिको यस दुःखद् घडीमा विभिन्न व्यक्ति, समूह तथा अराजक मानसिकता बोकेका व्यक्तिले हृदयविदारक, विभत्स तस्बिर तथा भिडियो सामाजिक सञ्जालमा पोष्ट गरी जनमानसमा थप पीडा हुनेगरी त्रास फैलाउने गतिविधि नियन्त्रण गर्न प्रहरी थप सचेत भएको छ", उनले भने।

प्रहरीको पछिल्लो तथ्याङ्कअनुसार फेसबुकमा १६८, टिकटकमा चार र इन्स्टाग्राममा एक गरी कुल १७३ वटा गलत सूचना र अफवाहसहितका समाचार सामग्री प्रसारण भएको देखिन्छ। त्यसमध्ये साइबर सक्रियतामा फेसबुकबाट ७९ र टिकटकबाट चार वटा त्यस्ता सामग्री सामाजिक सञ्जालबाट हटाइएको प्रहरी नायब महानिरीक्षक काफ्लेले जानकारी दिए।

यसखालका गतिविधिको अनुगमन गरी ती सामग्री तत्कालै हटाउन र त्यस्ता गतिविधिलाई रोक्न साइबर ब्युरोका प्रहरी नायब उपरीक्षक गजेन्द्र आचार्यको संयोजकत्वमा १० सदस्यीय समिति गठन गरिएको छ।

समितिले सामाजिक सहिष्णुतामा आघात पुऱ्याउने कार्यमा संलग्नउपर अनुसन्धान एवं पहिचान गरी सम्बन्धित प्रहरी कार्यालय वा सरोकारवाला निकायसँग समन्वय, सहकार्य गरी आवश्यक कारबाही गर्नेछ।

प्रनाउ आचार्यले सामाजिक सञ्जालमार्फत गलत सूचना, अफवाह, भ्रामक समाचारलगायत सामग्री प्रसारण गर्नेलाई तत्काल कानुनी दायरामा ल्याउन समितिले काम गरिरहेको जानकारी दिए। "सामाजिक सञ्जालमार्फत अञ्जानमा पोष्ट गरेका वा सेयर गरेका समाचारको गाम्भीर्यता हेरी सचेत गराई हटाउन लगाइएको छ", उनले भने।

***बाँकी अन्तिम पृष्ठमा***

# ब्राउन सुगरजस्तो देखिने पदार्थसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, २३ भदौ।**

सिरहा प्रहरीले ब्राउन सुगरजस्तो देखिने पदार्थसहित दुई जनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सिरहा नगरपालिका २ स्थित छेटकी टोलमा सोमबार दिउँसो गरिएको 'स्वीप अपरेसन'अन्तर्गत खटिएको प्रहरी टोलीले चेकजाँचका क्रममा उनीहरूलाई पक्राउ गरेको हो।

प्रहरीले प्रदेश ३-०२-०१३ प ६४१२ नम्बरको मोटरसाइकल रोकी जाँच गर्ने क्रममा मोटरसाइकलको पछाडि सवार कल्याणपुर नगरपालिका ७ का २४ वर्षीय कमलेशकुमार साफीसँग ब्राउन सुगरजस्तो देखिने पदार्थ फेला परेको जनाएको छ।

प्रहरीका अनुसार प्लास्टिकसहित उक्त पदार्थको तौल १६ ग्राम १४० मिलिग्राम र प्लास्टिक हटाउँदा ११ ग्राम ८४० मिलिग्राम रहेको छ।

घटनामा कमलेशकुमार साफी र सोही ठाउँ बस्ने मोटरसाइकल चालक ३२ वर्षीय सन्तोष यादवलाई मोटरसाइकलसहित नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय सिरहामा ल्याइएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी रमेशबहादुर पालले जनाएका छन्।

पक्राउ परेका दुवै जनामाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

# एसपीलाई धम्क्याएको आरोपमा अशोक यादव पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २३ भदौ।**

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का नेता अशोक यादव पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका तत्कालीन प्रहरी प्रमुख (एसपी) योगेन्द्रकुमार खड्कालाई धम्क्याएको तथा गालीगलौज गरेको आरोपमा यादव पक्राउ परेका हुन्।

प्रहरीका अनुसार २०८२ साल असारमा तत्कालीन एसपी खड्कालाई गालीगलौज तथा धम्की दिएको आरोपमा यादवविरुद्ध जिल्ला प्रहरी कार्यालय सर्लाहीमा आपराधिक उपद्रवसम्बन्धी मुद्दा दर्ता भएको थियो।

मुद्दा दर्तापछि यादव फरार रहँदै आएका थिए। सोही मुद्दामा उनलाई प्रहरीले मंगलबार दिउँसो पक्राउ गरेको जनाएको छ।

# प्रधानमन्त्री राहत कोषमा पौने १२ अर्ब

काठमाडौँ, २३ भदौ (रासस)।

प्रधानमन्त्री राहत कोषमा करिब रु १२ अर्ब जम्मा भएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार मङ्गलबार बिहान ९:०० बजेसम्म प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा रु ११ अर्ब ७७ करोड ६७ लाख ५०

***बाँकी अन्तिम पृष्ठमा***

**बाढी र डुबान हुनुपूर्वको तयारी**

- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं,
- आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- बर्षायाममा सधै मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# रसुवा बाढीबाट सिक्नुपर्ने पाठ

**सुवास दर्नाल**

सोलुखुम्बु, २३ भदौ (रासस)। रसुवाको हिमाली क्षेत्रमा गत भदौ १० गते आएको आकस्मिक बाढीले हिमाली जिल्लामा विपद्को जोखिम र त्यसको पूर्वानुमान तथा व्यवस्थापनमा थप सजग हुनुपर्ने सन्देश दिएको छ। यस घटनाले हिमताल विस्फोट मात्रै नभई हिमपहिरो, पहिरो, चट्टान खस्ने, नदी थुनिने तथा अत्यधिक वर्षाजस्ता कारणबाट पनि हिमाली क्षेत्रमा एक्कासि ठूलो विपद् निम्त्याउन सक्ने देखाएको छ।

सगरमाथाको जिल्ला सोलुखुम्बु पनि यस्ता जोखिमबाट अछुतो छैन। जिल्लाको खुम्बु क्षेत्रमा विगतमा हिमताल विस्फोट तथा त्यसबाट उत्पन्न बाढीका घटना भइसकेका छन्। सन् १९८५ मा डिग छो हिमताल विस्फोटबाट आएको बाढीले मानवीय तथा भौतिक क्षति पुर्‍याएको थियो भने सन् १९९८ मा ताम पोखरीमा पनि हिमताल विस्फोट भएको थियो। अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) का अध्ययनले डिग छो र ताम पोखरीलाई दूधकोशी जलाधारमा विगतमा हिमताल विस्फोट भएका महत्वपूर्ण उदाहरणका रूपमा अभिलेख गरेको छ।

त्यसपछि २०८१ साउन ३२ गते खुम्बु पासाङल्हामु गाउँपालिका-५ स्थित थामे खोलामा आएको बाढीले सोलुखुम्बुको हिमाली भूभागमा विपद्को जोखिम कति गम्भीर छ भन्ने पुनः देखायो। जल तथा मौसम विज्ञान विभागका अनुसार सन् २०२४ अगस्त १६ मा थामे खोलामा आएको बाढी दुई आपसमा जोडिएका हिमतालमध्ये माथिल्लो तालमा गएको सानो पहिरोका कारण तल्लो तालमा पानीको बहाव बढेर ताल फुटेको हुनसक्ने प्रारम्भिक अध्ययनले देखाएको थियो। विभागका अनुसार घटनापछि थामेदेखि ओखलढुङ्गासम्मका तल्लो तटीय क्षेत्रमा करिब एक लाख ४२ हजार मानिसलाई मोबाइलमार्फत पूर्वसूचना सन्देश पठाइएको थियो।

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) को पछिल्लो अध्ययनले भने थामे घटनालाई अझ जटिल भौगोलिक प्रक्रियाको परिणामका रूपमा व्याख्या गरेको छ। अध्ययनअनुसार करिब चार हजार नौ सय मिटर उचाइमा चट्टानी पहिरो हिमतालमा खस्दा ठूलो छाल उत्पन्न भएको र त्यसपछि तालको बाँध भत्किँदा करिब एक लाख ५६ हजार घनमिटर पानी बाहिरिएको थियो। इसिमोडले सगरमाथा क्षेत्रलाई हिमनदी तथा हिमतालसँग सम्बन्धित विपद्को दृष्टिले संवेदनशील क्षेत्रका रूपमा उल्लेख गर्दै जोखिम न्यूनीकरण र पूर्वतयारीलाई प्राथमिकता दिनुपर्ने बताएको छ।

यस दृष्टिले रसुवाको पछिल्लो बाढी सोलुखुम्बुका लागि पनि एउटा महत्वपूर्ण चेतावनी बनेको सगरमाथा प्रदुषण नियन्त्रण समिति (एसपीसीसी)का अध्यक्ष लामाकाजी शेर्पाको भनाइ छ। हिमाली क्षेत्रमा विपद्को स्वरूप परिवर्तन हुँदै गएको अवस्थामा जोखिमयुक्त क्षेत्रको पहिचान, नियमित निगरानी, पूर्वसूचना प्रणाली र स्थानीय समुदायको तयारीलाई थप प्रभावकारी बनाउनुपर्ने देखिएको छ।

**सोलुखुम्बुमा हिमतालको अवस्था**

सोलुखुम्बु हिमनदी तथा हिमतालका दृष्टिले नेपालको महत्वपूर्ण हिमाली जिल्ला हो। राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रतिवेदन २०२४ मा नेपालका हिमनदी तथा हिमतालको तथ्याङ्क समेटिएको छ। उक्त प्रकाशनमा सोलुखुम्बुसँग सम्बन्धित सम्भावित खतरनाक हिमतालको विवरण राख्दा सन् २०१० को राष्ट्रिय अनुकूलन कार्यक्रमलाई स्रोतका रूपमा प्रयोग गरिएको छ।

सरकारी अभिलेखमा लुम्डिङ छो, डिग छो, इम्जा छो, तामपोखरी, दूधपोखरी, हुङ्कु, इस्ट हुङ्कु तथा विभिन्न ताल, वेस्ट चाम्जाङ तथा केही नाम नदिइएका ताललगायतका हिमताल सूचीकृत छन्। उक्त अभिलेखमा सोलुखुम्बुका १२ वटा हिमतालको नाम प्रविष्टि देखिन्छ। तर हिमतालको जोखिमसम्बन्धी तथ्याङ्कलाई समयसँगै अद्यावधिक गर्नुपर्ने आवश्यकता देखिन्छ। नेपालमा रहेका २१ वटा सम्भावित खतरनाक हिमतालमध्ये नौवटा दूधकोशी उपजलाधारमा रहेको अध्ययनले देखाएको छ।

दूधकोशी उपजलाधारका हिमतालबारे इसिमोडका विभिन्न अध्ययनले हिमनदीको पछाडि हट्ने क्रमसँगै केही हिमताल विस्तार हुँदै गएको देखाएका छन्। सन् २००९ मा प्रकाशित अध्ययनमा दूधकोशी बेसिनमा १२ वटा सम्भावित खतरनाक हिमताल पहिचान गरिएको थियो। थप स्थलगत अध्ययनपछि केही ताललाई जोखिम सूचीबाट हटाउन सकिने र केहीको आकारमा खासै परिवर्तन नभएको पाइएको थियो भने केही ताल निरन्तर बढिरहेको उल्लेख थियो।

सो अध्ययनले इम्जा छो, लुम्डिङ, वेस्ट चाम्जाङ, हङ्कु तथा ताम पोखरीलगायतका ताललाई विभिन्न तहमा अध्ययन तथा निगरानी गर्नुपर्ने देखाएको थियो। सन् २००९ को अध्ययनमा इम्जा छो तीव्र गतिमा विस्तार भइरहेका हिमतालमध्ये एक रहेको उल्लेख छ। इम्जा छोमा जोखिम न्यूनीकरणका कामसमेत भएका छन्। हिमतालको पानीको सतह घटाउने तथा जोखिम न्यूनीकरणका लागि संरचनात्मक काम गरिएको थियो। यसबाट जोखिम पहिचानपछि नियमित अध्ययन, निगरानी र आवश्यकताअनुसार जोखिम न्यूनीकरणका उपाय अपनाउन सकिने देखिन्छ। तर अबको प्रश्न एउटै तालमा गरिएको कामलाई अन्य सम्भावित जोखिमयुक्त क्षेत्रमा कसरी विस्तार गर्ने भन्ने हो।

**तथ्याङ्क अध्यावधिक गर्नुपर्ने प्रश्न**

हिमतालसम्बन्धी विभिन्न समयका अध्ययनमा तालको क्षेत्रफल र अवस्थाबारे फरक-फरक तथ्याङ्क भेटिन्छन्। यस्तो फरक देखिनुको कारण अध्ययनको वर्ष, प्रयोग गरिएको मापन विधि र तालको मौसमी अवस्थालगायत हुनसक्छ। इसिमोडको सन् २०२० को हिमताल सूचीकरणले पनि हिमताल पहिचानका लागि उपग्रह प्रविधि प्रयोग गरेको थियो। उक्त अध्ययनले तालको विशेषता, तालको बाँध, स्रोत हिमनदी तथा वरपरको भूआकृतिलाई आधार बनाएर सम्भावित खतरनाक हिमताल पहिचान गरेको थियो।

यस कारण सोलुखुम्बुका हिमतालको जोखिम मूल्याङ्कनमा पुरानो सूचीलाई आधार मात्र बनाउनुको सट्टा नियमित स्याटलाइट मोनिटरिङ, आवश्यक स्थानमा स्थलगत अध्ययन, तालको पानीको मात्रा तथा बाँधको अवस्था र सम्भावित बाढीको मार्गको अद्यावधिक अध्ययन आवश्यक रहेको यस क्षेत्रका विज्ञहरूको सुझाव छ। जिल्लामा हिमतालजन्य बाढीको जोखिम बुझ्न विगतका घटना महत्त्वपूर्ण आधार हुन सक्ने खुम्बु पासाङल्हामु गाउँपालिका-४ का वडाध्यक्ष लक्ष्मण अधिकारीले बताउनुभयो।

वडाध्यक्ष अधिकारीका अनुसार सन् १९८५ मा डिग छो हिमताल फुट्दा दूधकोशी क्षेत्रमा ठूलो बाढी आएको थियो। इसिमोडको पछिल्लो प्रतिवेदनले उक्त घटनाबाट नाम्चे जलविद्युत् आयोजनालगायतका संरचनामा क्षति पुगेको र आर्थिक क्षति भएको अभिलेख गरेको छ। थप अध्ययनपछि डिग छोको हालको अवस्था भने विगतको जस्तो उच्च जोखिमयुक्त नभएको निष्कर्षसमेत प्रकाशित भएको छ।

**जोखिम बस्तीमा मात्र सीमित छैन**

हिमाली क्षेत्रमा हिमताल वा हिमपहिरोबाट उत्पन्न आकस्मिक बाढीको असर बस्तीमा मात्र सीमित हुँदैन। पदमार्ग, पुल, सडक, खानेपानी, विद्युत्, सञ्चार, विद्यालय, स्वास्थ्य संस्था तथा पर्यटनसँग सम्बन्धित संरचनासमेत प्रभावित हुन सक्ने खुम्बुका स्थानीय सोनाम दोर्जी शेर्पाको भनाइ छ। सन् २०२४ को थामे बाढीले घर तथा अन्य संरचनासँगै विद्यालय, स्वास्थ्यचौकी र होटलमा क्षति पुर्‍याएको इसिमोडको अध्ययनले देखाएको छ। उक्त घटनामा मानवीय क्षति हुनबाट बचेँ पनि भौतिक संरचनामा ठूलो क्षति पुगेको तत्कालिन घटनाको उद्धारमा संलग्न प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेको अनुभव छ।

"दिनको समयमा बाढी आएकाले उद्धार र मानिसलाई सुरक्षित स्थानमा लैजान सहज भयो। तर घटनाले हिमाली क्षेत्रमा यस्ता जोखिमका लागि पूर्वतयारी कति महत्त्वपूर्ण रहेछ भन्ने देखायो", प्रनाउ घिमिरेले भन्नुभयो। सोलुखुम्बुको अर्थतन्त्र पर्यटनसँग निकट रूपमा जोडिएकाले विपद् जोखिम व्यवस्थापनलाई मानवीय सुरक्षासँगै पर्यटन पूर्वाधार र स्थानीय अर्थतन्त्रको सुरक्षासँग पनि जोडेर हेर्नुपर्ने कीर्तिमानी सगरमाथा आरोही स्पिडकाजी शेर्पाको भनाइ छ। "पर्यटन क्षेत्रका पदमार्ग, पुल, होटल तथा अन्य संरचनाको जोखिम मूल्याङ्कन गरी आवश्यक सुरक्षा तथा पूर्वतयारीमा ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो।

**पूर्वसूचना प्रणालीमा थप सुधार**

थामे घटनापछि जल तथा मौसम विज्ञान विभागले तल्लो तटीय क्षेत्रमा पूर्वसूचना सन्देश पठाएको अनुभवले हिमाली क्षेत्रमा पूर्वसूचना प्रणालीको महत्व देखाएको छ। विभागका अनुसार प्रारम्भिक सूचना प्राप्त भएपछि थामेदेखि ओखलढुङ्गासम्मका तल्लो तटीय बस्तीमा करिब एक लाख ४२ हजार मानिसलाई मोबाइलमार्फत निःशुल्क पूर्वसूचना पठाइएको थियो। विपद्को जोखिम न्यूनीकरणका लागि सूचना समयमै पहिचान गरी जोखिममा रहेका समुदायसम्म तत्काल पुर्‍याउने र उनीहरूलाई सुरक्षित स्थानतर्फ जान सक्ने व्यवस्था आवश्यक हुन्छ।

यही उद्देश्यले खुम्बुको थामेदेखि सुर्केसम्मको क्षेत्रमा करिब आठ स्थानमा पूर्वसूचना साइरन प्रणाली जडान गरिएको सगरमाथा प्रदुषण नियन्त्रण समिति (एसपीसीसी)का अध्यक्ष लामाकाजी शेर्पाले जानकारी दिनुभयो। उहाँका अनुसार करिब छ महिनाअघि जडान गरिएको उक्त प्रणालीले नदीको पानीको सतह खतराको तह पार गरेपछि एकैपटक सबै स्थानमा सतर्कता साइरन बजाउनेछ। साइरन बजेसँगै स्थानीय बासिन्दा तथा पर्यटकलाई सम्भावित जोखिमबारे तत्काल जानकारी प्राप्त हुने र सुरक्षित स्थानतर्फ जान पर्याप्त समय उपलब्ध हुने उहाँले बताउनुभयो।

यता खुम्बु पासाङ ल्हामु गाउँपालिका-४ अन्तर्गत दिङ्बोचे, पाङ्बोचे र छुगिटागा लगायतका स्थानमा यसअघि नै बाढीको पूर्वसूचना दिन साइरन जडान गरिएका छन् तर ती उपकरण अहिले सञ्चालनमा छन् कि छैनन् भन्ने यकिन नभएको वडाध्यक्ष लक्ष्मण अधिकारीले बताउनुभयो। "मेरो वडाका तीन ठाउँमा धेरै वर्षअघि साइरन राखिएका हुन्। अहिले ती सञ्चालनमा छन् कि छैनन् भन्ने कुनै यकिन छैन। साइरन छ, तर त्यसको सक्रियता र अवस्थाबारे जानकारी छैन", उहाँले भन्नुभयो।

वडा कार्यालयका अनुसार ती साइरन तत्कालीन इम्जा लेक लोअरिङ परियोजनाले जडान गरेको थियो तर त्यसपछि नियमित सञ्चालन, मर्मत तथा परीक्षण नभएकाले हाल ती उपकरण प्रयोगयोग्य अवस्थामा छन् वा छैनन् भन्ने स्पष्ट हुन सकेको छैन। खुम्बुको छुकुममा सन् २००७ मा आएको बाढीले ठूलो होटलसमेत बगाएको थियो। पछिल्ला वर्षमा सगरमाथा क्षेत्रका विभिन्न स्थानमा साना हिमताल तथा हिमनदी फुटेर आउने बाढीले पदमार्गमा बनाइएका काठे साँघु र पुल बगाउने घटना पनि दोहोरिँदै आएका छन्। यस्तो घटना खुम्बु क्षेत्रमा वर्सेनीजसो हुने सामान्य जोखिमका रूपमा स्थापित हुँदै गएको वडाध्यक्ष अधिकारीको भनाइ छ।

**रसुवा घटनाले सिकाएको पाठ**

रसुवाको पछिल्लो घटनाले सोलुखुम्बुसहित हिमाली जिल्लालाई डराउनुभन्दा तयार रहनुपर्ने पाठ दिएको कीर्तिमानी सगरमाथा आरोही स्पीडकाजी शेर्पा बताउनुहुन्छयस। रसुवामा भदौ १० गते आएको बाढीको कारणबारे अध्ययन जारी रहे पनि प्रारम्भिक विवरणले हिमपहिरो, नदी थुनिने र अचानक ठूलो पानीको बहाव आउनेजस्ता प्रक्रियाबाट हिमाली क्षेत्रमा आकस्मिक विपद् निम्त्याउन सक्ने देखाएको छ। नेपाल रेडक्रसको प्रारम्भिक विवरणमा समेत हिमपहिरोले लेन्दे खोला थुनेर अचानक पानीको बहाव बढेको हुनसक्ने उल्लेख छ।

यसकारण अब हिमतालको जोखिम मूल्याङ्कन गर्दा ताल मात्र हेर्नेभन्दा त्यससँग जोडिएको हिमनदी, हिमपहिरो सम्भावित क्षेत्र, चट्टानी भू-भाग र नदी प्रणालीलाई समेत समेटेर अध्ययन गर्नुपर्ने मत आरोही शेर्पाको छ। पर्यटनविद् आङछिरिङ शेर्पा हिमाली जिल्लाले पुराना जोखिम सूचीलाई आधार बनाएर मात्र नबस्ने र पछिल्लो भू-उपग्रह तथ्याङ्क तथा स्थलगत अध्ययनका आधारमा जोखिमको पुनर्मूल्याङ्कन गर्नुपर्ने बताउनुहुन्छ।

"कुन तालको आकार परिवर्तन भएको छ, कुन क्षेत्रमा नयाँ ताल बनेका छन्, कुन तालको बाँध वा वरपरको भू-भागमा परिवर्तन आएको छ र कुन क्षेत्रमा सम्भावित असर बढी पर्न सक्छ भन्ने विषयमा नियमित अध्ययन आवश्यक छ", उहाँले भन्नुभयो। उहाँका अनुसार जोखिम नक्सा अद्यावधिक गर्ने, नदी तथा मौसम मापन केन्द्र विस्तार गर्ने, सम्भावित बाढीको मार्ग पहिचान गर्ने र स्थानीय समुदायलाई पूर्वसूचना प्राप्त भएपछि अपनाउनुपर्ने उपायबारे नियमित अभ्यास

*बाँकी तीन पृष्ठमा*

**बाढी/पहिरोबाट सतर्क रहौं।**

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।

– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।

– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।

– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।

– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।

– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**

# युवा पुस्ताको बढ्दै राजनीतिक भूमिका : डा शोभाकर पराजुली

काठमाडौँ, २३ भदौ (रासस)।

विश्व राजनीति पछिल्ला दशकहरूमा गहिरो संरचनात्मक परिवर्तनको चरणबाट गुज्रिरहेको छ, जसको केन्द्रमा युवा पुस्ताको बढ्दो राजनीतिक सक्रियता र प्रभाव स्पष्ट रूपमा देखिन्छ। विशेषतः जेन जेड पुस्ताको उदयसँगै राजनीतिक सहभागिता, नेतृत्वको स्वरूप, राज्य र नागरिकबीचको सम्बन्ध तथा लोकतान्त्रिक संस्थाहरूको कार्यशैलीमा नयाँ बहसहरू सुरु भएका छन्। परम्परागत राजनीतिक प्रणाली, जुन लामो समयसम्म संस्थागत दल, अनुभवी नेतृत्व, क्रमिक सत्ता हस्तान्तरण र विचारधारात्मक संघर्षमा आधारित थियो, अहिले डिजिटल युगका सचेत, आलोचनात्मक र तत्काल प्रतिक्रिया दिने युवा पुस्तासँग प्रत्यक्ष संवादमा आएको छ। यसले विश्वव्यापी रूपमा राजनीतिक संरचनालाई पुनः परिभाषित गर्न बाध्य बनाएको छ।

जेन जेड आन्दोलनहरू विश्वका विभिन्न भागमा फरक-फरक राजनीतिक, आर्थिक र सामाजिक सन्दर्भमा देखापरे पनि तिनको मूल चरित्रमा उल्लेखनीय समानता पाइन्छ। यी आन्दोलनहरू मुख्यतः प्रणालीगत असन्तोष, संस्थागत कमजोरी र राजनीतिक उत्तरदायित्वको अभावप्रति केन्द्रित छन्। ल्याटिन अमेरिका, अफ्रिका, युरोप र एसियाका विभिन्न देशहरूमा युवाहरूले भ्रष्टाचार, अवसरको असमानता, बेरोजगारी, अभिव्यक्ति स्वतन्त्रताको सीमितता, सामाजिक न्यायको अभाव र राज्य संयन्त्रको ढिलासुस्तीविरुद्ध आवाज उठाएका छन्। यी आन्दोलनहरू केवल परम्परागत सडक प्रदर्शनमा सीमित छैनन्, बरु डिजिटल माध्यममार्फत सङ्गठित हुने, सूचना प्रवाह गर्ने, जनमत निर्माण गर्ने र राजनीतिक दबाब सिर्जना गर्ने नयाँ शैलीको राजनीतिक अभिव्यक्ति हुन्।

डिजिटल प्रविधिको तीव्र विस्तारले युवाको राजनीतिक भूमिकालाई गुणात्मक रूपमा परिवर्तन गरेको छ। सामाजिक सञ्जाल, अनलाइन प्लेटफर्म, डिजिटल अभियान र नेटवर्किङ संरचनाले परम्परागत राजनीतिक सङ्गठनको एकाधिकारलाई चुनौती दिएको छ। अब राजनीतिक सहभागिता केवल पार्टी सदस्यता वा भौतिक उपस्थितिमा सीमित छैन, बरु विचार निर्माण, डिजिटल अभियान सञ्चालन, अनलाइन बहस र सार्वजनिक विमर्शमार्फत पनि सम्भव भएको छ। यसले शक्ति संरचनालाई केही हदसम्म विकेन्द्रित बनाएको छ र नागरिकलाई प्रत्यक्ष राजनीतिक संवादमा सहभागी गराएको छ तर यससँगै नयाँ चुनौतीहरू पनि उत्पन्न भएका छन्, जसमा गलत सूचना, डिजिटल ध्रुवीकरण, भावनात्मक राजनीति र सतही बहस प्रमुख छन्।

युवा पुस्ताको राजनीतिक चेतना अब परम्परागत वैचारिक सीमाभन्दा बाहिर विस्तारित भएको छ। उनीहरू केवल वाम वा दक्षिणपन्थी विचारधारामा सीमित छैनन्, बरु नीति परिणाम, सुशासन, पारदर्शिता, जलवायु परिवर्तन, लैङ्गिक समानता, मानवअधिकार र सामाजिक न्यायजस्ता व्यावहारिक विषयहरूमा केन्द्रित छन्। यसले राजनीतिक वैधताको परम्परागत आधारलाई चुनौती दिएको छ। जहाँ पुरानो पुस्ता ऐतिहासिक सङ्घर्ष, सङ्गठनात्मक अनुशासन र राजनीतिक योगदानलाई वैधताको आधार मान्छ, त्यहाँ नयाँ पुस्ता कार्यसम्पादन, जवाफदेहिता र परिणाममुखी शासनलाई वैधताको प्रमुख आधार मान्छ। यसरी हेर्दा विश्व राजनीति दुई फरक वैधता ढाँचाबीचको सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ। पहिलो ढाँचा ऐतिहासिक वैधता हो, जसले विगतको सङ्घर्ष, आन्दोलन र योगदानलाई राजनीतिक अधिकारको आधार मान्छ। दोस्रो ढाँचा कार्यसम्पादन आधारित वैधता हो, जसले वर्तमान शासनको प्रभावकारिता, पारदर्शिता र परिणामलाई प्राथमिकता दिन्छ। यी दुई ढाँचाबीच सन्तुलन कायम हुन नसक्दा पुस्तागत दूरी झन गहिरो हुँदै गएको देखिन्छ।

युवा आन्दोलनहरूको अर्को महत्वपूर्ण विशेषता उनीहरूको सङ्गठनात्मक स्वरूप हो। परम्परागत राजनीतिक आन्दोलनहरू जस्तै स्पष्ट नेतृत्व संरचना, औपचारिक सङ्गठन र दीर्घकालीन वैचारिक दस्तावेजमा आधारित नहुनु यी आन्दोलनहरूको विशेषता हो। बरु यी आन्दोलनहरू नेटवर्क आधारित, विकेन्द्रित र क्षणिक रूपमा तीव्र गतिमा फैलिने प्रकृतिका हुन्छन्। यसले उनीहरूलाई लचिलो र प्रभावकारी बनाएको छ तर दीर्घकालीन संस्थागत रूपान्तरणमा चुनौती पनि थपेको छ।

नेपालको सन्दर्भमा पनि यो विश्वव्यापी प्रवृत्ति स्पष्ट रूपमा देखिन्छ। जेन जेड पुस्ता सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म र नागरिक बहसमार्फत राजनीतिक विषयहरूमा अत्यन्त सक्रिय देखिन्छ। बेरोजगारी, अवसरको असमानता, भ्रष्टाचार, सुशासनको अभाव र राज्य सेवाको कमजोर प्रभावकारिताप्रति उनीहरूको आलोचनात्मक दृष्टिकोण बढ्दो छ। यसले परम्परागत राजनीतिक दलहरूलाई आफ्ना सङ्गठनात्मक संरचना, नेतृत्व शैली र नीति प्राथमिकतामा पुनर्विचार गर्न बाध्य बनाएको छ तर नेपालको राजनीतिक संरचना अझै सङ्क्रमणकालीन अवस्थामा रहेकाले युवा पुस्ताको भूमिकालाई संस्थागत रूपमा समायोजन गर्ने प्रक्रिया पूर्णरूपमा विकसित हुन सकेको छैन।

राजनीतिक दलहरूभित्र आन्तरिक लोकतन्त्रको कमजोरी, नेतृत्व हस्तान्तरणको अस्पष्टता, अवसर वितरणमा असमानता र निर्णय प्रक्रियामा सीमित सहभागिताले युवा पुस्ताको विश्वास कमजोर बनाएको छ। परिणामस्वरूप, युवा ऊर्जा औपचारिक राजनीतिक संरचनाभन्दा बाहिर बढी सक्रिय देखिन्छ, जसले वैकल्पिक राजनीतिक अभिव्यक्तिको विकासलाई तीव्र बनाएको छ। विश्वव्यापी रूपमा हेर्दा, युवा राजनीतिक सक्रियता केवल असन्तोषको अभिव्यक्ति मात्र होइन, बरु राजनीतिक पुनर्संरचनाको सङ्केत पनि हो। यो परिवर्तनले राजनीतिक संस्थाहरूलाई अझ उत्तरदायी, पारदर्शी र सहभागितामूलक बनाउन दबाब सिर्जना गरेको छ तर यो परिवर्तन सहज छैन। यसले पुरानो संरचना र नयाँ अपेक्षाबीच द्वन्द्व उत्पन्न गरेको छ, जसलाई व्यवस्थापन गर्न नसकिएमा राजनीतिक अस्थिरता बढ्न सक्छ।

युवा पुस्ताको राजनीतिक भूमिकालाई तीन प्रमुख आयाममा विश्लेषण गर्न सकिन्छ। पहिलो, उनीहरू राजनीतिक चेतनाको विस्तारकर्ता हुन्, जसले सूचना प्रविधिको माध्यमबाट जनमत निर्माण गर्छन्। दोस्रो, उनीहरू राजनीतिक दबाब समूह हुन्, जसले राज्य र संस्थाहरूलाई जवाफदेही बनाउन सक्रिय भूमिका खेल्छन्। तेस्रो, उनीहरू भविष्यका नेतृत्वकर्ता हुन्, जसले दीर्घकालीन रूपमा राजनीतिक संरचनालाई पुनःपरिभाषित गर्ने क्षमता राख्छन्। तर यी भूमिकाहरू सफल हुनका लागि युवाले पनि आफ्ना सीमाहरू बुझ्न आवश्यक छ।

डिजिटल सक्रियता वा आन्दोलनमा सीमित राजनीतिक सहभागिताले दीर्घकालीन संस्थागत परिवर्तन सुनिश्चित गर्न सक्दैन। उनीहरूले नीति निर्माण, वैकल्पिक शासन मोडेल र संरचनात्मक सुधारमा पनि सक्रिय भूमिका खेल्नुपर्छ। जबसम्म युवा पुस्ता केवल बाह्य दबाब समूहका रूपमा रहन्छ, तबसम्म राजनीतिक प्रणालीमा स्थायी परिवर्तन सम्भव हुँदैन। अर्कोतर्फ, पुरानो पुस्ताको भूमिकालाई पनि पुनःपरिभाषित गर्न आवश्यक छ। उनीहरूले आफ्नो ऐतिहासिक योगदानलाई मात्र वैधताको आधार बनाएर नयाँ पुस्तालाई बाहिर राख्ने प्रवृत्ति जारी राखे भने पुस्तागत दूरी अझ गहिरो हुँदै जानेछ। अनुभवलाई मार्गदर्शनमा रूपान्तरण गर्ने र नेतृत्वलाई हस्तान्तरण गर्ने क्षमता विकास गर्नु आजको प्रमुख आवश्यकता हो।

विश्व राजनीतिक प्रणाली अहिले सङ्क्रमणकालीन चरणमा रहेको स्पष्ट देखिन्छ, जहाँ पुरानो संरचना कमजोर हुँदै गएको छ र नयाँ संरचना पूर्ण रूपमा स्थापित हुन बाँकी छ। यही सङ्क्रमणकालीन अवस्थाले पुस्तागत दूरीलाई अझ स्पष्ट बनाएको छ तर यही अवस्था परिवर्तनको अवसर पनि हो। यदि राजनीतिक संस्थाहरूले समयमै सुधार गरे भने यो सङ्क्रमणलाई सकारात्मक रूपान्तरणमा बदल्न सकिन्छ।

डिजिटल युगले राजनीतिक सहभागिताको परिभाषा नै परिवर्तन गरिदिएको छ। अब नागरिक केवल मतदान गर्ने व्यक्ति मात्र होइन, नीति निर्माणमा प्रभाव पार्ने सक्रिय सहभागी पनि बनेका छन्। यसले लोकतन्त्रलाई अझ सहभागितामूलक बनाउने सम्भावना बढाएको छ। तर यसको प्रभावकारी उपयोगका लागि संस्थागत रूपान्तरण आवश्यक छ, अन्यथा डिजिटल राजनीति र औपचारिक राजनीतिबीचको दूरी अझ बढ्न सक्छ।

अन्ततः युवा राजनीतिक परिवर्तन केवल पुस्तागत प्रतिस्थापनको विषय होइन, बरु राजनीतिक प्रणालीको गुणात्मक रूपान्तरणको प्रक्रिया हो। यो परिवर्तनले राज्य, समाज र नागरिकबीचको सम्बन्धलाई पुनःपरिभाषित गरिरहेको छ। यदि यसलाई सही दिशामा व्यवस्थापन गर्न सकियो भने यसले अझ समावेशी, उत्तरदायी र गतिशील लोकतान्त्रिक प्रणाली निर्माण गर्न सक्छ। त्यसैले आजको आवश्यकता द्वन्द्व होइन, संवाद हो; प्रतिस्पर्धा होइन, सहकार्य हो; र अविश्वास होइन, संस्थागत विश्वास निर्माण हो। जब पुरानो पुस्ताको अनुभव र नयाँ पुस्ताको नवप्रवर्तन एकीकृत हुन्छ, तब मात्र विश्व राजनीति स्थायित्व र परिवर्तनको सन्तुलन प्राप्त गर्न सक्षम हुनेछ। यही सन्तुलनले भविष्यको लोकतन्त्रलाई अझ सुदृढ, पारदर्शी र जनमुखी बनाउने आधार तयार गर्नेछ।

### *रसुवा बाढीबाट ...*

गराउनुपर्ने आवश्यकता छ।

हिमाली क्षेत्रमा सबै प्राकृतिक विपद् रोक्न सम्भव नहुन सक्छ। तर जोखिमको पहिचान, नियमित निगरानी, सम्भावित असरको पूर्वानुमान, प्रभावकारी पूर्वसूचना र समुदायको तयारीबाट मानवीय तथा भौतिक क्षति भने घटाउन सकिने छुकुमका स्थानीय जानकार तेन्जिङ जाङ्बु शेर्पाको भनाइ छ। रसुवा र थामेले हिमाली जिल्लालाई दिएको मुख्य सन्देश विपद् आएपछि उद्धार र राहतमा केन्द्रित हुनुभन्दा विपद् आउनुअघि जोखिम बुझ्ने, निगरानी गर्ने र तयारी गर्ने प्रणालीलाई बलियो बनाउनु आवश्यक रहेको यस क्षेत्रका जानकारहरूको सुझाव छ।

## विश्व समाचार

### ह्यारी-मेघनको शाही हैसियत यथावत्

लन्डन, २३ भदौ (रासस/एपी)।

बेलायतका राजा चार्ल्स तृतीयले राजकुमार ह्यारी र उहाँकी पत्नी मेघन बेलायत फर्किए पनि उहाँहरूको शाही परिवारसँगको सम्बन्ध यथावत् रहने स्पष्ट पार्नुभएको छ। तर, सन् २०२० मा शाही जिम्मेवारीबाट अलग भएजस्तै उहाँहरूले शाही उपाधि प्रयोग नगर्ने र परोपकारी काम निजी हैसियतमा गर्ने जनाइएको छ।

राजाका तर्फबाट वरिष्ठ सरकारी अधिकारीलाई पठाइएको पत्रमा दम्पतीको सुरक्षा व्यवस्थासम्बन्धी निर्णय सम्बन्धित प्रहरी निकायले गर्ने उल्लेख छ। शाही घरानाका वरिष्ठ अधिकारी लर्ड चेम्बरलेनले सरकार, सेना तथा देशभर राजाका प्रतिनिधि रहेका लर्ड लेफ्टिनेन्टहरूलाई पत्र पठाउनुभएको हो।

पत्रमा कुनै शङ्का वा भ्रम नहोस् भनेर राजाको निर्देशनमा जानकारी साझा गरिएको उल्लेख छ। ह्यारी-मेघनको हैसियत यथावत् रहे पनि उहाँहरूले शाही परिवारका काम गर्ने सदस्यसँग समानान्तर शाही संरचना बनाउन सक्ने आशङ्का दरबारका केही पर्यवेक्षकले गर्दै आएका छन्।

शाही जिम्मेवारी त्यागेपछि हटाइएको सार्वजनिक कोषबाट प्राप्त हुने प्रहरी सुरक्षा पुनःस्थापनाका लागि ह्यारीले सरकारसँग लामो कानूनी लडाइँ लड्दै आउनुभएको छ। दम्पतीलाई चौबीसै घण्टा प्रहरी सुरक्षा दिने वा नदिने निर्णय आरएभिइसी अर्थात् रोयल एन्ड भिआइपी कार्यकारी समितिले गर्नेछ।

लर्ड चेम्बरलेनले औपचारिक सम्मान वा राज्यका निकायबाट दिइने विशेष व्यवहार तथा त्यसका लागि सार्वजनिक कोष प्रयोग गर्नुपर्ने विषयमा प्रश्न भए बकिङ्घम दरबारमा सम्पर्क गर्न स्पष्ट पार्नुभएको छ।

### इरानसँग युद्ध जिते तेल सस्तो हुने ट्रम्पको दाबी

वासिङ्टन, २३ भदौ (रासस/एएनआई)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्धमा अमेरिकाले विजय हासिल गरेपछि तेलको मूल्य तीव्र रूपमा घट्ने र पेट्रोलको मूल्य प्रतिग्यालन दुई अमेरिकी डलरभन्दा कम हुने दाबी गर्नुभएको छ।

ट्रम्पले मध्यपूर्वमा जारी सैन्य कारबाहीका कारण ऊर्जा लागत बढेको उल्लेख गर्दै युद्धपछि बजार स्थिर हुने बताउनुभयो। उहाँले इरानलाई आणविक हतियार राख्न नदिने चेतावनीसमेत दिनुभयो।

यसको जवाफमा इरानी संसद्का अध्यक्ष मोहम्मद बाघेर गालिबफले इरानको ऊर्जा पूर्वाधारमाथि आक्रमण नगर्न अमेरिकालाई चेतावनी दिनुभएको छ। उहाँले इरानी तेल तथा ग्यास क्षेत्रमा संलग्न अमेरिकी कम्पनीसमेत जोखिममा पर्ने बताउनुभयो।

यसैबीच, अमेरिकी युद्धमन्त्री पीट हेग्सेथले इरानले अमेरिकी जहाजमाथि आक्रमण गरे इरानी तेल ट्याङ्कर नष्ट गर्ने चेतावनी दिनुभएको छ। उहाँले इरानसँग प्रभावकारी नौसेना तथा वायुसेना नरहेको दाबी गर्दै अमेरिकी विमान, जहाज र पनडुब्बीले इरानी सैन्य तथा तेल पूर्वाधारमाथि प्रहार गर्न सक्ने बताउनुभयो।

अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) ले तीन इरानी कच्चा तेल ट्याङ्कर आइआरजिसी र उसका क्षेत्रीय सहयोगीलाई आर्थिक सहयोग गर्ने अर्बौं डलरको 'छाया सञ्जाल' को हिस्सा रहेको दाबी गरेको छ। सेन्टकमका कमान्डर एडमिरल ब्राड कुपरले आवश्यक परे इरानको तेल ट्याङ्कर बेडामाथि कारबाही गर्न अमेरिका पछि नहट्ने बताउनुभयो।

अमेरिकाले युद्धलाई विजय र ऊर्जा मूल्य घट्ने दाबीसँग जोडिरहँदा इरानले ऊर्जा पूर्वाधारमाथि आक्रमण भए कडा प्रतिकार गर्ने चेतावनी दिएको छ। बढ्दो तनावले विश्व ऊर्जा बजारमा समेत असर पर्नसक्ने चिन्ता बढेको छ।

### इरानमा पेट्रोल महँगियो

तेहरान, २३ भदौ (रासस/एपी)।

आर्थिक सङ्कटबीच इरानले अत्यधिक पेट्रोल खपत गर्ने उपभोक्ताका लागि मूल्य दोब्बर बनाएको छ। मङ्गलबारदेखि लागू नयाँ दर गत डिसेम्बरपछि गरिएको दोस्रो मूल्यवृद्धि हो।

मासिक ११० लिटरको कोटाभन्दा बढी पेट्रोल खरिद गर्नेले अब प्रतिलिटर एक लाख रियाल तिर्नुपर्नेछ। सरकारले मूल्यवृद्धिबाट प्राप्त अतिरिक्त रकम घरपरिवारलाई उपलब्ध गराइने जनाएको छ।

इरानमा पेट्रोलको मूल्य अझै विश्वकै न्यूनमध्ये रहे पनि कमजोर बन्दै गएको मुद्रा र घट्दो क्रयशक्तिले सर्वसाधारणमाथि थप दबाब परेको छ। राज्य तेल वितरण कम्पनीका प्रमुख कार्यकारी केरामत वेस करामीले नयाँ मूल्यले करिब १५ प्रतिशत उपभोक्तालाई असर गर्ने बताउनुभयो।

उहाँका अनुसार अगस्टमा पेट्रोलको दैनिक खपत १४ करोड ५० लाख लिटर पुगेको थियो भने घरेलु उत्पादन क्षमता १२ करोड २० लाख लिटर मात्र छ। विशेषज्ञहरूले पुराना सवारीसाधन र कमजोर सार्वजनिक यातायातका कारण खपत उच्च रहेको बताएका छन्। तर, वार्षिक मुद्रास्फीति करिब ६७ प्रतिशत रहेका बेला पेट्रोलको मूल्यवृद्धिले महँगी थप बढ्न सक्ने उनीहरूको भनाइ छ।

सन् २०१९ को पेट्रोल मूल्यवृद्धिले इरानमा व्यापक प्रदर्शन निम्त्याएको थियो। पछिल्लो मूल्यवृद्धिपछि तेहरानका बासिन्दाले खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुको मूल्यसमेत बढ्ने चिन्ता व्यक्त गरेका छन्। तेहरानका नागरिक हमिद मिर्जेले पेट्रोल महँगिएपछि सर्वसाधारणको जीवन थप कठिन हुने बताउनुभयो।

# भोटेकोशी बाढीः एक हजार ३५७ जनाको शव फेला

काठमाडौँ, २३ भदौ (रासस)।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले भोटेकोशी बाढी तथा त्यसबाट प्रभावित क्षेत्रमा हालसम्म एक हजार ३५७ जनाको शव फेला परेको जनाएको छ। फेला परेका शवमध्ये विभिन्न स्थानबाट मानव अङ्गसमेत भेटिएका छन्।

प्राधिकरणका अनुसार हालसम्म १०२ शवको सनाखत भई परिवारले बुझिसकेका छन्। बाढीपछि करिब पाँच हजार ३२६ जना अझै सम्पर्कविहीन रहेको जनाइएको छ। सम्पर्कविहीनमध्ये रसुवाका दुई हजार ८६०, नुवाकोटका एक हजार ९८१ नेपाली र करिब ४८७ विदेशी पर्यटक रहेको प्राधिकरणले जनाकारी दिएको छ।

प्राधिकरणको प्रवक्ता शान्ति महतले हालसम्म १३ हजार ५८३ जनाको उद्धार गरिएको र बाढीबाट घाइते भएका छ हजार ८२७ जनाको उपचार गरिएको जानकारी दिनुभयो। "तीमध्ये विभिन्न दश अस्पतालमा ३२७, नेपाली सेनामार्फत तीन हजार ४०४ र सशस्त्र प्रहरी बलमार्फत तीन हजार ९६ जनाको उपचार गरिएको छ", उहाँले भन्नुभयो।

प्राधिकरणले उपलब्ध गराएको विवरणअनुसार नेपाल प्रहरीका सात हजार ९१२, नेपाली सेनाका नौ हजार २८७ र सशस्त्र प्रहरी बलका चार हजार २०३ गरी २१ हजार ४०२ सुरक्षाकर्मी परिचालन भएका छन्।

प्रभावित क्षेत्रमा ३९ वटा होल्डिङ सेन्टर स्थापना गरी तीन हजार ५३३ जनालाई राखिएको प्राधिकरणले जनाएको छ। तीमध्ये रसुवामा ६६९, नुवाकोटमा दुई हजार ६५१ र धादिङमा २१३ जना रहेका छन्।

उद्धार तथा राहतका लागि नेपाली सेनाले एक हजार १५७ पटक, काठमाडौँबाट निजी क्षेत्रले १२९ पटक र सशस्त्र प्रहरी बलले २०३ पटक हेलिकप्टर उडान गरेका छन्।

सरकारले रसुवामा रु एक करोड, नुवाकोटमा रु एक करोड र धादिङमा रु ५० लाख नगद राहत उपलब्ध गराएको छ। प्रभावित १५ पालिकालाई रु १३ करोड ५० लाख राहत उपलब्ध गराइएको छ।

प्रभावित क्षेत्रमा डिजेल ५० हजार लिटर, पेट्रोल १८ हजार लिटर र हवाई इन्धन १८ हजार लिटर मौज्दात रहेको छ भने ४५७ ग्यास सिलिन्डर अनुदानमा उपलब्ध गराइएको प्राधिकरणको भनाइ छ।

प्राधिकरणका अनुसार विद्युत् आपूर्तितर्फ रसुवाका ७८ प्रतिशत, नुवाकोटका ९६ दशमलव ७ प्रतिशत र धादिङका ९९ दशमलव ८ प्रतिशत घरधुरीमा विद्युत् सेवा सुचारु भएको छ।

बाढी प्रभावितका लागि स्वास्थ्य मन्त्रालयमार्फत १५० जनाभन्दा बढी जनशक्ति परिचालन गरी मनोसामाजिक परामर्श सेवा प्रदान भइरहेको प्राधिकरणले जनाएको छ।

# मधेसका १५४ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त

जनकपुरधाम, २३ भदौ (रासस)।

मधेस प्रदेशका विभिन्न जिल्लामा वन अतिक्रमण नियन्त्रण अभियानलाई गति दिएको छ। गत आर्थिक वर्ष २०८२/८३ मा मधेस प्रदेशका जिल्लामा १५४ दशमलव ५५ हेक्टर क्षेत्रफल वनक्षेत्र अतिक्रमण मुक्त गरिएको मधेस प्रदेश वन निर्देशनालय जनकपुरधामले जनाएको छ।

वन निर्देशनालयका सूचना अधिकारी सजन चौधरीका सो अवधिमा सबैभन्दा बढी पर्सामा १२० हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको छ। त्यस्तै बारामा २१ हेक्टर, सप्तरीमा पाँच हेक्टर, धनुषामा तीन दशमलव २५ हेक्टर, सर्लाहीमा तीन हेक्टर, महोत्तरीमा दुई हेक्टर र सिरहामा शून्य दशमलव ३५ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको हो।

वन क्षेत्रको जग्गा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाएर ती क्षेत्रलाई पुनःवनको संरक्षण र व्यवस्थापनमा ल्याइएको सूचना अधिकारी चौधरीले बताउनुभयो। उहाँका अनुसार वन अतिक्रमण नियन्त्रणसँगै चोरी-तस्करी नियन्त्रण र वन संरक्षणमा कार्यालयले सक्रियता बढाएको छ।

वन संरक्षण तथा हरियाली प्रवर्द्धनका लागि प्रदेशका विभिन्न जिल्लामा गत आवमा ३२ लाख ३९ हजार ८१० बिरुवा उत्पादन गरी २६१ दशमलव ७७ हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको छ।

जिल्लागत रूपमा सबैभन्दा बढी सर्लाहीमा आठ लाख ६३ हजार ९७०, सप्तरीमा पाँच लाख तीन हजार ६४०, सिरहामा चार लाख १५ हजार, धनुषामा चार लाख तीन हजार, महोत्तरीमा दुई लाख २० हजार, बारामा चार लाख ३४ हजार २०० र पर्सामा चार लाख बिरुवा उत्पादन गरिएको वन निर्देशनालयले जनाएको छ।

वृक्षरोपणतर्फ सप्तरीमा ९५ हेक्टर, धनुषामा ६६ दशमलव ५ हेक्टर, बारामा ४३ दशमलव ५३ हेक्टर, महोत्तरीमा २० हेक्टर, सिरहामा २६ हेक्टर, सर्लाहीमा आठ दशमलव ५ हेक्टर र पर्सामा दुई दशमलव २४ हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको सूचना अधिकारी चौधरीले जानकारी दिनुभयो। दघस

चालु आर्थिक वर्षमा मधेस प्रदेशमा वन क्षेत्रबाट उल्लेख्य परिमाणमा काठ तथा दाउरा उत्पादन भएको छ। वन निर्देशनालयका अनुसार हालसम्म छ लाख ६५ हजार २७३ दशमलव २६ घनफिट काठ उत्पादन भएको छ।

सबैभन्दा बढी सर्लाहीमा तीन लाख ५१ हजार ७५९ दशमलव ५ घनफिट काठ उत्पादन भएको छ। त्यस्तै सप्तरीमा ६५ हजार २९ दशमलव ४९, सिरहामा ६७ हजार ८७६ दशमलव ६७, धनुषामा सात हजार ६२३ दशमलव ७२, महोत्तरीमा ७८ हजार ५१६ दशमलव ९८ र बारामा ९४ हजार ४६६ दशमलव ९ घनफिट काठ उत्पादन भएको सूचना अधिकारी चौधरीले बताउनुभयो।

सोही अवधिमा एक हजार २५६ चट्टा दाउरा उत्पादन भएको छ। सप्तरीमा ३५ दशमलव ३६, सिरहामा २२ दशमलव ५७, धनुषामा सात दशमलव ३८, महोत्तरीमा १९६ दशमलव ८९, सर्लाहीमा ७५१ दशमलव ९५ र बारामा २४२ चट्टा दाउरा उत्पादन भएको जनाइएको छ।

वन पैदावारको बिक्री वितरणतर्फ भने हालसम्म पाँच लाख तीन हजार ७९९ दशमलव २७ घनफिट काठ बिक्री वितरण गरिएको छ। काठ बिक्रीबाट प्रदेश सरकारलाई उल्लेख्य राजस्वसमेत प्राप्त भएको छ।

काठ तथा दाउराको बिक्री, वन पैदावारको उपयोग र अन्य वनजन्य गतिविधिलगायतका शिर्षकबाट रु पाँच करोड ८५ लाख ५० हजार १९० राजस्व सङ्कलन भएको सूचना अधिकारी चौधरीले बताउनुभयो।

वन निर्देशनालयका निर्देशक सुभाषचन्द्र दासले वन कर्मचारीको सक्रियताका कारण वन क्षेत्रलाई अतिक्रमणमुक्त बनाउन तथा वन चोरी-तस्करी नियन्त्रणमा सफलता मिलेको बताउनुभयो। वन संरक्षणसँगै अतिक्रमण नियन्त्रण, वृक्षरोपण र वन पैदावारको व्यवस्थित उपयोगलाई प्राथमिकतामा राखिएको उहाँले बताउनुभयो।

# भोटेकोशी बाढीप्रभावितलाई कारागारका कैदीबन्दीद्वारा सहयोग

चितवन, २३ भदौ (रासस)।

कारागार कार्यालय चितवनमा रहेका कैदीबन्दीले भोटेकोशी बाढीप्रभावितलाई सहयोग गरेका छन्। कैदीबन्दीले आर्थिक सङ्कलन र श्रमदान गरी प्रभावित १२५ परिवारलाई बन्दोबस्तीका सामान सहयोग गरेका हुन्।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालयलाई सोमबार कारागार परिसरभित्र उनीहरूले ती सामग्री हस्तान्तरण गरेका हुन्। उनीहरूले डसना, ब्लाङ्केट, तन्ना, सिरानी, सिरानीको खोल, गम्छा, नङ्कटर, साबुन, दाँत माझ्ने ब्रस, मन्जन र काहियो १२५ सेटका दरले उपलब्ध गराएका हुन्। कैदीबन्दीले रु १०० देखि रु दुई हजारसम्म नगद र श्रम दानगरी ती सामाग्री उपलब्ध गराइएको हो। रु तीन लाख ६७ हजार ३६ बराबरको सामान खरिद गरी डसना र सिरानी कारागार परिसरमानै बनाइएको सो अवसरमा जानकारी दिइयो।

सामग्री बुझ्नेसँगै प्रमुख जिल्ला अधिकारी अर्यालले कारागार जीवन बिताइरहेकाबाट गरिएको यो सहयोग उदाहारणीय र नमूना किसिमको भएको बताउनुभयो। कैदीबन्दीबाट नेपालमा नै पहिलोपटक यो खालको सहयोग भएको भन्दै उहाँले जेन-जी आन्दोलनका समयमा कारागारबाट बाहिरिएपछि आफैँ फर्केर त्यतिबेला पनि नमूनाको काम गरेको भन्दै प्रशंसा गर्नुभयो। कारागारमा हाल ७५० जना कैदीबन्दी रहेका छन्। जसमध्ये ७०८ जना पुरुष र ४२ जना महिला रहेका छन्।

### सामाजिक ...

विपद्का नाममा हुनसक्ने अपराध र गलत सूचना नियन्त्रण गर्न, विपद्को मौका छोपी राहत सङ्कलनका नाममा हुनसक्ने ठगीलाई पनि नियन्त्रण गर्नसमेत प्रहरी सक्रिय रहेको केन्द्रीय प्रहरी प्रवक्ता काफ्ले बताउछन्।

"सामाजिक सञ्जालमार्फत प्रवाह भएको गलत सूचना, अफवाह, भ्रामक समाचारलगायत सामग्रीप्रतिको निगरानीलाई अझ तीव्र बनाउँदै सामाजिक सहिष्णुतामा आघात पुऱ्याउनेलाई कानुनी दायरामा ल्याउन प्रहरी सदैव कटिबद्ध छ", उनले भने।

# सहिदका सपना पूरा गर्न यो सरकार पूर्ण प्रतिबद्ध छ : गृहमन्त्री

काठमाडौँ, २३ भदौ (रासस)।

गृहमन्त्री सुधन गुरुङले जेनजी आन्दोलनमा सहादत प्राप्त गरेका सहिदहरूको सपना पूरा गर्न यो सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ। गत वर्षको भदौ २३ गते जेनजी आन्दोलन भएको दिनको स्मरणमा जेनजी सहिद परिवार कल्याणकारी समाजद्वारा तत्कालीन सङ्घीय संसद् भवन नयाँ बानेश्वर परिसरमा मंगलबार आयोजित कार्यक्रममा उहाँले सुशासन कायम गर्न र भ्रष्टाचार अन्त्य गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

गृहमन्त्री गुरुङले भन्नुभयो, "सम्पूर्ण जेनजी युवा पुस्ता ढुक्क हुनुहोस्, मुलुकमा सुशासन कायम भई भष्ट्राचार अन्त्य हुन्छ। हाम्रो माग र सपना पूरा नहुन देशमा अर्को एउटा गोली चल्नुपर्छ त्यो पनि मेरो शिरबाट।" उहाँले प्रधानमन्त्री वालेन्द्र शाह र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले विश्वास गरेर जेनजीको आशालाई मर्न नदिनेमा ढुक्क हुन सबैमा अनुरोध गर्नुभयो।

मन्त्री गुरुङले आफूलाई जनताले जसरी विश्वास गरेर यहाँसम्म पुर्याए त्यसको सम्मान स्वरुप सुशासन कायम राख्न र भ्रष्टाचार नियन्त्रण गर्न आफूले हरसम्भव प्रयास गरिरहेको उल्लेख गर्नुभयो। "म तपाईंहरूलाई विश्वास दिलाउन चाहन्छु जबसम्म मेरो यो ज्यानमा प्राण छ कुनै नेपालीलाई दुःख हुन दिने छैन", उहाँले भन्नुभयो।

युवाहरूले मुलुकमा लोकतन्त्र आइसकेपछिको अवस्थामा आफ्नो आवाज उठाउँदै गर्दा तत्कालीन सरकारले त्यसको जवाफ गोलीले दिनुपर्ने अवस्था आउनु दुःखद भएको उहाँको भनाइ छ।

### प्रधानमन्त्री राहत ...

हजार २६१ जम्मा भएको हो। अहिले नौ वटा वाणिज्य बैङ्मा रु आठ अर्ब ५९ करोड १९ लाख चार हजार २२३ मौज्दात छ। राहत कोषमा जम्मा भएको रकमबाट यसअघि रु एक अर्ब रसुवाका बाढीपीडितका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका नाममा निकासा भइसकेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ।

यसैगरी, हिमालयन बैङ्क लिमिटेड र लक्ष्मी सनराइज बैङ्क लिमिटेडमा रहेको डलर खातामा रु दुई करोड ११ लाख आठ हजार ४७१ जम्मा भएको पनि कार्यालयले जनाएको छ।

# प्रचारप्रसारको अभावमा कोशी टप्पुमा विदेशी पर्यटक न्यून

सुनसरी, २३ भदौ (रासस)।

अर्ना, दुर्लभ चराचुरुङ्गी, सिमसार, नदी तथा घाँसे मैदानका कारण पर्यटनको प्रचुर सम्भावना रहेको कोशी टप्पु वन्यजन्तु आरक्षमा विदेशी पर्यटकको आगमन भने न्यून रहेको छ।

आर्थिक वर्ष २०७५/७६ देखि २०८२/८३ सम्म कोशी टप्पु वन्यजन्तु आरक्षमा ९० हजार २८३ पर्यटक पुगेका छन्। तीमध्ये विदेशी पर्यटकको सङ्ख्या दुई हजार २९ मात्र रहेको छ। आव २०८२/८३ मा १२ हजार ८८३ पर्यटक आरक्ष पुगेकामा विदेशी पर्यटक ३०५ जना थिए। आव २०८१/८२ मा ११ हजार ६०६ पर्यटकमध्ये ३०२ जना विदेशी र २०८०/८१ मा १२ हजार ५५६ पर्यटकमध्ये ३२७ जना विदेशी पर्यटक आएका थिए।

त्यसैगरी, आव २०७९/८० मा १२ हजार ४७९ पर्यटकमध्ये ३११ जना, २०७८/७९ मा ११ हजार १६७ मध्ये १३० जना, २०७७/७८ मा नौ हजार ८१८ मध्ये ७७ जना, २०७६/७७ मा ११ हजार १४ मध्ये १८९ जना र २०७५/७६ मा आठ हजार ७६३ पर्यटकमध्ये ३८८ जना विदेशी पर्यटक रहेको कोशी टप्पु वन्यजन्तु आरक्षका सहायक वार्डेन तथा सूचना अधिकारी मिथलेस महतोले बताउनुभयो।

अन्य राष्ट्रिय निकुञ्ज तथा आरक्षको तुलनामा यहाँ विदेशी पर्यटकको आगमन कम रहेको छ। पर्यटन पूर्वाधार र प्रचारप्रसारको कमीका कारण पनि विदेशी पर्यटकको आगमन कम भएको हुनसक्ने सूचना अधिकारी महतोको भनाइ छ।

कोशी टप्पुलाई वन्यजन्तु अवलोकन, बर्ड वाचिङ र सिमसार पर्यटनको गन्तव्यका रूपमा विकास गर्न सकिने भए पनि त्यसअनुसारका पूर्वाधार बन्न नसकेको उहाँले बताउनुभयो। देशका अन्य निकुञ्ज र आरक्षको तुलनामा निकै कम विदेशी पर्यटक कोशी टप्पुमा आउने गरेका छन्। मुख्यतः प्रचारप्रसारकै अभाव रहेको उहाँको कथन छ।

कोशी टप्पुको मुख्य पर्यटन आकर्षण अर्ना भए पनि यहाँ विभिन्न प्रजातिका चराचुरुङ्गी, सिमसार, नदी र घाँसेमैदान छन्। त्यसैले अर्ना अवलोकनसँगै बर्ड वाचिङ, प्रकृति पदयात्रा, नदी पर्यटन र जङ्गल सफारीलाई व्यवस्थित गर्न सके विदेशी पर्यटक आकर्षित गर्न सकिने पर्यटन व्यवसायी रमन भट्टराईले बताउनुभयो।

"सुनसरी र उदयपुरका बीचमा रहेको बेलका बीच रिसोर्टबाट जङ्गल सफारी सुरु गरेको छु। आरक्षभित्र जाने सडकको पूर्वाधार छैन", उहाँले भन्नुभयो। आरक्ष क्षेत्रमा व्यवस्थित पदयात्रा तथा बर्ड वाचिङ मार्ग, पर्यटक सूचना केन्द्र तथा होमस्टे सञ्चालन गर्नसके पर्यटकको आगमन बढ्नसक्ने उहाँको भनाइ छ।

विसं २०३२ मा स्थापना भएको कोशी टप्पु वन्यजन्तु आरक्ष सुनसरी, सप्तरी र उदयपुरको १७३ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ। विसं २०४४ देखि रामसार सूचीमा सूचीकृत आरक्ष जैविक विविधताका दृष्टिले महत्वपूर्ण क्षेत्र हो।

सन् १९७६ को गणनामा कोशी टप्पुमा ६३ वटा अर्ना रहेका थिए भने सन् २०२१ को गणना अनुसार सङ्ख्या बढेर ४९८ पुगेको छ। कोशी टप्पुमा ४२ प्रजातिका स्तनधारी, ५३५ प्रजातिका पक्षी, १४१ प्रजातिका माछा र ७७ प्रजातिका पुतली पाइन्छन्।

यस्तै, ३२ वटा खरमयुर र १९ वटा डल्फिन रहेका छन्।साथै यहाँ हिउँदमा विभिन्न विदेशी चरासमेत आउने गर्दछन्।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np